# नेपाल राष्ट्र बैंक
## केन्द्रीय कार्यालय
## जनशक्ति व्यवस्थापन विभागको
## अनलाईन (Online) दरखास्त फाराम भर्ने सम्बन्धी सूचना

लोक सेवा आयोगको सहमति अनुसार यस बैंकमा रिक्त रहेका निम्न पदहरु खुला प्रतियोगिताद्वारा पूर्ति गर्नुपर्ने भएकोले योग्य नेपाली नागरिकहरुबाट मिति २०७६/०७/०८ देखि अनलाईन (Online) दरखास्त फाराम भर्न आव्हान गरिएको छ । बैंकले तोकेको अनलाईन (Online) फाराममा भर्नु पर्ने सम्पूर्ण विवरण भरी सोको साथ नागरिकता र दरखास्त दिने पदको लागि तोकिएको न्यूनतम शैक्षिक योग्यताको ट्रान्सकृप्ट, चारित्रिक प्रमाणपत्र तथा नेपाल बाहेक अन्य मुलुकबाट हासिल गरेको शैक्षिक योग्यता भएमा सोको साथमा त्रिभुवन विश्वविद्यालयबाट समकक्षता निर्धारण गरेको प्रमाणपत्र र पासपोर्ट साइजको फोटो Scan/Attach गरी तोकिएको दस्तुर तिरी मिति २०७६/०७/२८ सम्म र दोब्बर दस्तुर तिरी मिति २०७६/०८/०५ सम्म अनलाईन (Online) दरखास्त पेश गर्नुपर्नेछ । म्याद भित्र दाखिला नभएको र रीत नपुगी आएको दरखास्त उपर कुनै किसिमको कारवाही हुने छैन । झुट्टा विवरण उल्लेख गरी अनलाईन (Online) दरखास्त फाराम भरेमा सोको जवाफदेही उम्मेदवार स्वयं हुनु पर्नेछ ।

| विज्ञापन नं. | पद/श्रेणी | सेवा | पद संख्या | समूह/पद संख्या | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | खुला | महिला | आ.ज. | मधेशी | दलित | अपांग | पि.क्षे. |
| ११/२०७६ | सहायक निर्देशक (अधिकृत तृतीय) | प्रशासन | २८ | १६ | ३ | ३ | ५ | १ | - | - |
| १२/२०७६ | सहायक निर्देशक (अधिकृत तृतीय) लेखा/लेखापरीक्षण | प्रशासन | ८ | ३ | २ | १ | १ | १ | - | - |
| १३/२०७६ | सहायक (सहायक द्वितीय) | प्रशासन | ३१ | १७ | ५ | ३ | ३ | २ | - | १ |

१. **आवश्यक न्यूनतम शैक्षिक योग्यता :-**

(क) **सहायक निर्देशक (विज्ञापन नं. ११/२०७६) पदको लागि :** त्रिभुवन विश्वविद्यालय वा मान्यताप्राप्त विश्वविद्यालयबाट अर्थशास्त्र वा वाणिज्यशास्त्र वा व्यवस्थापन वा जनप्रशासन विषयमा स्नातकोत्तर सरहको परीक्षा उत्तीर्ण गरेको हुनुपर्नेछ ।

(ख) **सहायक निर्देशक (लेखा/लेखापरीक्षण) विज्ञापन नं. १२/२०७६ पदको लागि :** CA/ACCA/CPA परीक्षा उत्तीर्ण गरी नेपालको मान्यताप्राप्त विश्वविद्यालयबाट स्नातकोत्तर सरहको समकक्षता प्राप्त गरेको हुनुपर्नेछ ।

(ग) **सहायक (विज्ञापन नं. १३/२०७६) पदको लागि :** मान्यता प्राप्त शिक्षण संस्थाबाट १० जोड २ वा सो सरहको उपाधि हासिल गरेको हुनुपर्नेछ ।

२. **समावेशीको आधार :-** समावेशीतर्फ आदिवासी/जनजाति, मधेशी, दलित, अपाङ्ग र पिछडिएको समूहतर्फ फाराम भर्ने उम्मेदवारहरुले सम्बन्धित निकायले जारी गरेको प्रमाणपत्र पेश गर्नु पर्नेछ ।

३. **तलब भत्ता तथा सुविधा :-** बैंकको नियमानुसार हुनेछ ।

४. **उम्मेदवारको उमेर :-**

(क) **सहायक निर्देशक पदको लागि** दरखास्त दिने अन्तिम मिति (२०७६/०७/२८) सम्ममा २१ वर्ष पुरा भई ३५ वर्ष ननाघेको हुनु पर्नेछ ।

(ख) **सहायक पदको लागि** दरखास्त दिने अन्तिम मिति (२०७६/०७/२८) सम्ममा १८ वर्ष पूरा भई ३५ वर्ष ननाघेको हुनु पर्नेछ ।

महिला उम्मेदवारको हकमा उमेरको माथिल्लो हद ४० वर्ष ननाघेको हुनु पर्नेछ। यस बैंकको वहालवाला कर्मचारीहरुलाई उमेरको हद लाग्ने छैन ।

५. **परीक्षाको किसिम :-** विज्ञापन नं. ११/२०७६ र विज्ञापन नं. १३/२०७६ पदको लागि पूर्व-योग्यता, लिखित र अन्तर्वार्ता परीक्षाको माध्यमबाट साथै विज्ञापन नं. १२/२०७६ पदको लागि लिखित र अन्तर्वार्ता परीक्षाको माध्यमबाट उम्मेदवारको छनौट गरिनेछ । पूर्व-योग्यता र विषयगत लिखित परीक्षा सञ्चालन लोक सेवा आयोगले गर्नेछ । साथै, पूर्व-योग्यता र विषयगत लिखित परीक्षा काठमाडौंमा सञ्चालन हुनेछ ।

६. **परीक्षणकाल अवधि :-** महिला कर्मचारीलाई ६ महिना र पुरुष कर्मचारीलाई १ वर्ष ।

७. **निवृत्तभरण पाउने वा नपाउने :-** निवृत्तभरण पाउने ।

८. **परीक्षा दस्तुर :-**

(क) **सहायक निर्देशक (विज्ञापन नं. ११/२०७६ देखि १२/२०७६) पदको लागि :** खुला समूहको लागि रु.८००।- र प्रत्येक थप समावेशी समूहमा सहभागी हुन थप रु.३००।- (समावेशी समूहका लागि मात्र दरखास्त दिने भएमा कुनै एक समावेशी समूहका लागि रु.८००।- तथा एक भन्दा बढी समावेशी समूहमा भरेमा प्रत्येक थप समावेशी समूहका लागि थप रु.३००।-)

(ख) **सहायक (विज्ञापन नं. १३/२०७६ ) पदको लागि :** खुला समूहको लागि रु.६००।- र प्रत्येक थप समावेशी समूहमा सहभागी हुन थप रु.२००।- ((समावेशी समूहका लागि मात्र दरखास्त दिने भएमा कुनै एक समावेशी समूहका लागि रु.६००।- तथा एक भन्दा बढी समावेशी समूहमा भरेमा प्रत्येक थप समावेशी समूहका लागि थप रु.२००।-)

(रीत नपुगेको कारण अस्वीकृत हुने आवेदनहरुको परीक्षा शुल्क फिर्ता हुनेछैन ।)

९. **परीक्षा दस्तुर बुझाउने प्रक्रिया :-** अनलाईन (Online) दरखास्त फाराम पेश गरेपश्चात प्राप्त हुने Application Number अनुरुप बुझाउनु पर्ने परीक्षा दस्तुर E-Sewa, Fone Pay, RBB Mobile Banking, Connect IPS मार्फत् भुक्तानी गर्नुपर्नेछ । Application Number र नाम उल्लेख नगरिएको तथा तोकिए बमोजिमको रकम जम्मा नगरेको अनलाईन (Online) दरखास्त फाराम रीतपूर्वक नभएको मानिनेछ ।

१०. **पदस्थापन :- सहायक निर्देशक (विज्ञापन नं. ११/२०७६ देखि १२/२०७६)** पदको विज्ञापन अनुसार नियुक्त हुने कर्मचारीहरुलाई बैंकको आवश्यकता अनुसार केन्द्रीय कार्यालय र उपत्यका बाहिरका कार्यालयहरुमा तथा **सहायक (विज्ञापन नं. १३/२०७६)** पदमा नियुक्त हुने कर्मचारीहरुलाई उपत्यका बाहिरस्थित कार्यालयहरुमा पदस्थापन गरिनेछ ।

११. **सम्पर्क मिति** : लिखित परीक्षा सम्बन्धी सूचना मिति २०७६/०८/२७ गते प्रकाशित गरिनेछ ।

१२. अनलाईन (Online) दरखास्त फाराम भर्न नेपाल राष्ट्र बैंकको Website : www.nrb.org.np को career @ NRB भित्र गई त्यहाँ राखिएको Online Application Form Submission Portal बाट भर्न सकिनेछ ।

१३. अनलाईन (Online) दरखास्त फाराम भर्दा कुनै द्विविधा भएमा यस बैंकको टेलिफोन नं. ०१४४१९८०४, ०१४४१९८०५, ०१४४१९८०६, ०१४४१९८०७ एक्सटेन्सन नं.: १३७, १३८ र १४६ अथवा यस बैंकको ईमेल career@nrb.org.np मा सम्पर्क गरी बुझ्न सकिनेछ ।

१४. यो सूचना तथा उपरोक्त पदहरुको पाठ्यक्रम यस बैंकको **website: www.nrb.org.np** को **career @ NRB** मा राखिएको छ ।

मिति :- २०७६/०७/०८

(तुलसीप्रसाद घिमिरे)
का.मु.कार्यकारी निर्देशक